आज मिति २०७६।०२।१७ गते शुक्रबारका दिन यस माधव नारायण नगरपालिकाका नगर प्रमुख श्री बीरेन्द्र प्रसाद यादव ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बीरेन्द्र प्रसाद यादव | प्रमुख | [signature] |
| २ | श्री सिमल साह | उप प्रमुख | [signature] |
| ३ | श्री रणधिर प्रसाद यादव | सदस्य | [signature] |
| ४ | श्री हनुमान सहनी मलाह | सदस्य | [signature] |
| ५ | श्री राजकुमार राय यादव | सदस्य | [signature] |
| ६ | श्री रामदेनी मुखिया | सदस्य | [signature] |
| ७ | श्री जमिलकर मसुरी | सदस्य | |
| ८ | श्री राजीव कुमार यादव | सदस्य | [signature] |
| ९ | श्री दिलीप कुमार यादव | सदस्य | [signature] |
| १० | श्री जितेन्द्र प्रसाद | सदस्य | [signature] |
| ११ | श्री जगगीत सहनी | सदस्य | [signature] |
| १२ | श्री दिपेन्द्र कुमार मुखिया | सदस्य | [signature] |
| १३ | श्री जनक मण्डल सुडी | सदस्य | [signature] |
| १४ | श्री रुप नारायण बैठा धोबी | सदस्य | [signature] |
| १५ | श्री बबिता कुमारी पासवान | सदस्य | बबिता |
| १६ | श्री गायत्री देवी | सदस्य | |
| १७ | श्री रनिया देवी बनिया | सदस्य | |
| १८ | श्री नुतन कुमारी | सदस्य | नुतन कुमारी |
| १९ | श्री प्रमिला देवी | सदस्य | प्रमिला |
| २० | श्री प्रलव कायस्थ | सदस्य सचिव | [signature] |

Scanned with CamScanner

निर्णयहरु :

निर्णय नं. १ :

आ.व. २०७५/०७६ मा यस माधव नारायण नगरपालिकामा संचालन हुने कार्यक्रम/योजनाहरुमा धरौटी बापत ५% (पाँच प्रतिशत) रकम कट्टा गर्ने निर्णय गरियो साथै १०% (दश प्रतिशत) धरौटी कट्टा भएका योजनाहरुको हकमा ५% (पाँच प्रतिशत) बराबरको रकम सम्बन्धित उपभोक्ता समितिहरुलाई फिर्ता दिने निर्णय गरियो ।

निर्णय नं. २ :

गत आ.व. २०७४/०७५ मा माधोपुर र विसुनपूर्वा मानपुर जोड्ने सडकमा पुल बनाउन गठित नगरस्तरीय भाभर खोला पुल निर्माण उपभोक्ता समितिको म्याद यस आ.व. २०७५/०७६ सम्मका लागि थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :

यस आ.व. २०७५/०७६ मा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत छठ घाट, ब्रह्म घाट, छठ घाट (भेलही) झोलुङ्गे पुल निर्माण गर्न रु. २४,००,०००।०० (अक्षरेपी रुपैयाँ चौबीस लाख मात्र ।) एकमुष्ठ अख्तियारी प्राप्त भएकाले सो रकमलाई तपसिल बमोजिम विनियोजन गर्ने निर्णय गरियो । साथै सो विनियोजीत रकमको परिधि भित्र रही ब्रह्म घाट (मिठुअवा) र छठ घाट (भेलही) लाई भुक्तानी दिनका लागि प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने निर्णय गरियो ।

तपसिल

छठ घाट (विसुनपूर्वा मानपुर) - कार्य सम्पन्न भईसकेको ।

ब्रह्म घाट (मिठुअवा) - रु. १२,००,०००।०० (अक्षरेपी रुपैयाँ बाह्र लाख मात्र ।)

छठ घाट (भेलही) - रु. १२,००,०००।०० (अक्षरेपी रुपैयाँ बाह्र लाख मात्र ।)

निर्णय नं. ४ :

यस आ.व. २०७५/०७६ मा विभिन्न शिर्षकमा विभिन्न कार्यालयहरुबाट प्राप्त हुने/भएको आन्तरिक आम्दानी बापतको रकम कार्यालय व्यवस्थापन तथा संचालन, ईन्धन, भत्ता, फर्निचर तथा फिक्सचर्स, मेशिनरी तथा औजार, मर्मत खर्च, विमा तथा नवीकरण, DPR, सेवा र परामर्श, विविध कार्यक्रम, विविध खर्च तथा अन्य शिर्षकहरुमा आवश्यकता अनुसार कार्यालयले विनियोजन गरी खर्च गर्ने गरी प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ५ :

योजना संचालनका क्रममा कर्मचारीहरुलाई कार्यबोझ ज्यादै हुने हुँदा यस नगरपालिकाका ओभरसियर, ईन्जिनियर, योजना शाखा प्रमुख, लेखा शाखा प्रमुख तथा कार्यालय प्रमुख लाई २०७५ माघ देखि लागु हुने गरी तलबमानको ५०% प्रतिशत (पचास प्रतिशत) कन्टिन्जेन्सी शिर्षकबाट प्रोत्साहन भत्ता दिने निर्णय गरियो साथै कन्टिन्जेन्सी शिर्षकको रकम कार्यालय व्यवस्थापन तथा संचालन, ईन्धन, भत्ता, मर्मत खर्च, भाडा, DPR, सेवा र परामर्श, विविध खर्च तथा अन्य शिर्षकहरुमा आवश्यकता अनुसार कार्यालयले विनियोजन गरी खर्च गर्ने गरी प्रमुख प्रशासकिय अधिकृतलाई आदेश दिने निर्णय गरियो ।

निर्णय नं. ६ :

यस आ.व. २०७५/०७६ मा संचालनमा रहेका योजनाहरुको म्याद २०७६/०२/१५ सम्म रहेकोमा सो योजनाहरुको म्याद २०७६/०३/१५ सम्म थप गरी सम्पूर्ण योजनाहरु सो समयावधि भित्र सम्पन्न गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ :

यस आ.व. २०७५/०७६ मा संचालनमा रहेका तपसिल बमोजिमका योजनाहरुमा केही रकम बाँकी रहेको हुदाँ सो बराबरको रकमलाई अर्को योजना संचालन गर्नका लागि विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

१. वडा नं. ६, माधोपुरमा राम प्रसाद साहको घरदेखि जसु साहको घरसम्म सडक ढलानको बाँकि रहेको रु. २,४०,०००।०० लाई भट्ठी गाछि देखि पूर्व सिंगारमन पुल सम्म माटो पुरी ग्रेभल गर्ने कार्यमा ।

आज मिति २०७६।०२।१७ गत्ते बसेको यस माधव नारायण नगर कार्यपालिकाको बैठक यसैका साथ सम्पन्न भएको निर्णय गरियो ।

Scanned with CamScanner